# सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) ऐन, २०७५

<u>प्रमाणीकरण मिति</u>

२०७५।६।२

<u>संवत् २०७५ सालको ऐन नम्बर ८</u>

<u>सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>**: सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>सार्वजनिक सुरक्षा ऐन, २०४६ को प्रस्तावनामा संशोधन</u>**: सार्वजनिक सुरक्षा ऐन, २०४६ (यस पछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेको "सार्वभौमसत्ता," भन्ने शब्द पछि "भौगोलिक" भन्ने शब्द थपिएको छ।

३. **<u>मूल ऐनको दफा ३ मा संशोधन</u>**: मूल ऐनको दफा ३ को,-

(१) उपदफा ३.१ मा रहेको "सार्वभौमसत्ता," भन्ने शब्द पछि "भौगोलिक" भन्ने शब्द थपिएको छ।

(२) उपदफा ३.१ पछि देहायको उपदफा ३.१क. थपिएको छः-

"३.१क. उपदफा ३.१ बमोजिम कुनै व्यक्तिलाई नजरबन्दमा राखिएमा स्थानीय अधिकारीले त्यसरी नजरबन्दमा राखिएको चौबिस घण्टाभित्र त्यस्तो

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

व्यक्तिको स्थितिको बारेमा निजको परिवारको सदस्य वा नजिकको नातेदारलाई जानकारी दिनु पर्नेछ ।

तर शत्रु देशको नागरिकको हकमा यो व्यवस्था लागू हुने छैन।"

४. **<u>मूल ऐनको दफा १२ मा संशोधनः</u>** मूल ऐनको दफा १२ मा रहेको "श्रेस्तेदारको" भन्ने शब्दको सट्टा "श्रेस्तेदार र सम्भव भएसम्म नजरबन्दमा रहेको व्यक्तिको परिवारको सदस्य, नजिकको नातेदार वा नजरबन्दमा रहेको व्यक्तिले इच्छाएको व्यक्तिको" भन्ने शब्दहरू राखिएका छन् ।

५. **<u>मुल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ मा रहेको "ठहरिएमा" भन्ने शब्द पछि "वा दफा ३ को उपदफा ३.१क. बमोजिम नजरबन्दमा रहेको व्यक्तिको स्थितिको बारेमा निजको परिवारको सदस्य वा नजिकको नातेदारलाई जानकारी नदिएमा" भन्ने शब्दहरू थपिएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय